# शान्तिनगर गाउपालिकाको दशौ गाउसभामा प्रस्तुत बजेट बक्तब्य-२०७८/०७९ :

**आदरणीय गाउसबाका सभाअध्यक्ष एंव सभासद ज्युहरु**

ऐतिहासिक जनआन्दोलन मार्फत स्थापित नेपालको संविधान २०७२ अनुसार स्तानीय तहको मिति २०७४ साल आषाढ १४ गते सम्पन्न निर्वाचनबाट जनप्रतिनिधिको रुपमा निर्वाचित भई यो वर्षबाट पाचौ वर्षमा प्रवेश गरेकाछौँ । यस अवधिमा शान्तिनगर गाउपालिकामा हामी जनप्रतिनिधिको रुपमा आईसकेपछी विकास निर्माण मार्फत विकास कार्यक्रमहरु स्वीकृत गरि कार्यान्वयन समेत गरिरहेका छौ । काम गर्ने क्रममा जनताहरुका सल्लाह सुभावहरुलाई सिरोपर गर्ने प्रण गर्दै यहाहरुबाट अभिव्यक्त प्रतिवद्दता पुरा गर्ने वाचाका साथ आज हामीले पाचौ पटक शान्तिनगर गाउपालिकाको आर्थिक वर्ष २०७८/०७९ को बजेट यस गरिमामय दशौ गाउसभामा प्रस्तुत गर्न गईरहेको छु ।

यस  सुवर्ण अवसरमा बजेट प्रस्तुत गरिरहदा गरिमामय सभामा देश र जनताको लागि आफ्नो जीवन बलिदान गर्नुहुने सम्पुर्ण ज्ञात,अज्ञात शहिदहरुप्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । यसका साथै गाउपालिकाको संस्थागत विकासमा योगदान पुर्याउनु हुने अग्रज अभिभावक,जनप्रतिनिधि,राजनीतिकर्मी,राष्ट्रसेवक कर्मचारी,समाजसेवी,सुरक्षा निकाय,संचारकर्मी लगायत अन्य सरोकारवाला सबैमा कृतज्ञता व्यक्त गर्दछु ।

जनताको माग,चाहाना,आवश्यकता र संभावनाको उचित संबोधन हुने गरि बजेट निर्माण एंव तर्जुमा गर्नु र योजनाहरु अघि बढाउनु हाम्रो कर्तब्य हो । प्रत्येक वडा तथा बस्तीका जनताको विकासलाई सम्बोधन गर्न योजना तर्जुमा प्रक्रियामा जनताको अधिकाधिक  सहभागीताबाट विकास योजनाहरु छनौट हुदै आएका छन ।बजेट तथा कार्यक्रम निर्माण गर्दा स्थानीय सरकार संचालन ऐन-२०७४,नेपाल सरकारको सोच,नीति,अन्तराष्ट्रीय क्षेत्रमा जनाएको प्रतिवद्दता ,मार्गदर्शन,विभिन्न ऐन,निर्देशिका,कार्यविधिका साथ साथै यस गाउपालिकाको नीति तथा कार्यक्रमभित्र केन्द्रित रहेर यो बजेट प्रस्तुत गर्न गइरहेको छु ।

**आदरणीय  सभाअध्यक्ष एंव सभासद ज्युहरु**

आर्थिक वर्ष २०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम मार्फत शान्तिनगर गाउपालिकालाई समृद्द गाउपालिका बनाउने उद्देश्यका साथ यस गाउसभामा प्रस्तुत भएको नीति तथा कार्यक्रमलाई मुख्य मार्गदर्शनका रुपमा लिई  यो बजेट तयार गरिएको छ । शान्तिनगर गाउपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजक एंव उपाध्यक्षको हैसियतले यस सम्मानित सभामा आ.ब. २०७८/०७९ को बजेट प्रस्तुत गर्न पाउदा मलाई गौरवको अनुभुति भएको छ ।

**आदरणीय  सभाअध्यक्ष एंव सभासद ज्युहरु**

अव म यस सम्मानित सभामा बजेटको शिर्षकगत साराशं प्रस्तुत  गर्न गराईरहेको छु ।

आर्थिक वर्ष २०७८/०७९ को लागि **संघिय सरकारबाट** प्राप्त वित्तिय समानिकरण अनुदान रु.१० करोड५५ लाख ,राजश्व बाडफाड स्वरुप रु.७ करोड,४० लाख,६४ हजार, समपुरक अनुदान स्वरुप रु.३९ लाख र सशर्त अनुदान स्बरुप रु.१६ करोड ९७ लाख  गरि जम्मा रु. ३५ करोड ३१ लाख६४ हजार प्राप्त भएको छ त्यस्तै गरि **प्रदेश सरकारबाट**  वित्तिय समानिकरण तर्फबाट रु. ४९ लाख ४६ हजार, राजश्व बाडफाडबाट रु.५३ लाख २५ हजार १ सय ९२ रुपैया,समपुरक अनुदानबाट रु.१ करोड ४९ लाख ९५ हजार,बिशेष अनुदान स्बरुप रु. ६० लाख र सशर्त अनुदान स्वरुप रु.८५ लाख ४४ हजार गरि जम्मा रु.३ करोड ९८ लाख १० हजार १ यस ९२ रुपैया प्राप्त भएको छ । चालु वर्षको अल्याबाट आउने अनुमानित रकम रु. ६ करोड  र अनुमानित आन्तरिक आम्दानी तर्फ रु.१ करोड ५२ लाख ३५ हजार गरि कुल जम्मा बजेट रु.४६ करोड ८२ लाख ९ हजार १ सय ९२ रुपैयाको अनुमान गरिएको छ । जसमध्ये चालु खर्च तर्फ ३० करोड ७ लाख ७० हजार अर्थात कुल बजेटको **६४%** बिनियोजन गरेको छु ।त्यस्तै पुजिगत तर्फ १६ करोड ७४ लाख ३९ हजार अर्थात कुल बजेटको **३६ %** बिनियोजन गरेको छु ।

गत आर्थिक वर्षको यथार्थ आम्दानी र यस बर्षको संशोधित अनुमान र आगामी आ.ब.को प्रस्तावित आयको विवरण अनुसूचि १ मा संलग्न गरिएको छ । त्यसै गरी गत आर्थिक वर्षको वास्तविक खर्च र यस वर्षको संशोधित अनुमान र आगामी आ.ब.को व्यय अनुमानको विवरण अनुसुचि १ मा संलग्न गरिएको छ । साथै उक्त कार्यक्रम र बिनियोजित बजेटको विस्तृत विवरण गाउँसभाबाट पारित भएपछि गाउपालिकाको रातो कितावमा समावेश गरिने व्यहोरा अवगत गराउदछु ।

**आदरणीय  सभाअध्यक्ष एंव सभासद ज्युहरु**

अब म यहाँहरु समक्ष आ.व.२०७८/०७९ को बजेटको शिर्षकगत साराशं प्रस्तुत गर्न चाहान्छु ।

विषयगत  शाखाको लागि बिनियोजित बजेटको संक्षिप्त बिबरण देहाय बमोजिम गरेको छु ।

| **क्र.स.** | **विषयगत शाखा** | **विनियोजित वजेट** | **कैफियत** |
|---|---|---|---|
| १ | शिक्षा शाखा | ३ करोड | |
| २ | स्वास्थ्य शाखा | ५२ लाख | |
| ३ | महिला बालबालिका तथा लक्षित वर्ग | २० लाख | |
| ४ | कृषि विकास | ४० लाख | |
| ५ | पशु सेवा | ३० लाख | |
| ६ | न्यायिक समिति | ८ लाख | |

अन्य शिर्षकगत बिनियोजित  बजेटको साराशं विवरण  तपशिल बमोजिम गरेको छु ।

| **क्र.स.** | **विषयगत शाखा** | **विनियोजित वजेट** | **कैफियत** |
|---|---|---|---|
| १ | प्रशासनिक खर्च(उपभोग खर्च) | २ करोड ८० लाख | |
| २ | कार्यालय संचालन र सेवा खर्च | २ करोड | |
| ३ | सेवा तथा परामर्श खर्च | १० लाख | |
| ४ | कार्यक्रम खर्च | १० लाख | |
| ५ | कार्यालय पुजिगत खर्च | ६० लाख | |
| ६ | प्रकोप ब्यबस्आपन कोष | ३० लाख | |
| ७ | समपुरक कोष | ३ करोड | |
| ८ | गाउपालिका स्तरीय योजना | ४ करोड | |
| ९ | वडा स्तरीय योजना तथा कार्यक्रमहरु | ९ करोड १० लाख | |

**आदरणीय सभाअध्यक्ष एंव सभासद ज्युहरु**

अव म यस गाउपालिकाको महत्वपुर्ण योजनाको संक्षिप्त जानकारी गराउदछु ।

क) शान्तिनगर गाउपालिकाको वडा न ४ को जुम्लेकुला पिपल चौतारी देखि वडा न ३ को सुन्दरदेवी मन्दिरसम्मको सडक स्तरोन्नती तथा कालोपत्रे सडकको बाकी खण्ड कालोपत्रे गर्न नेपाल सरकार र प्रदेश सरकारको समपुरक अनुदानमा पालिकाबाट सत प्रतिशत थप गरी प्रयाप्त बजेट बिनियोजन गरको छु ।

ख) मा.वि सिमसुन्दरपुर देखि विष्णुपुरसम्म सडक स्तरोन्नती(कालोपत्रे) गर्नका लागि प्रदेश सरकारको समपुरक अनुदानमा पालिकाबाट सत प्रतिशत थप गरि जम्मा रु. १ करोड बजेट विनियोजन गरेको छु ।

ग) कोरवाङ कासिपुर देखि रगैजासम्म सडक कालोपत्रेको लागि निरन्तरता दिएको छु ।यस वर्ष उक्त सडकको लागि प्रदेश सरकारसंगको लागत साझेदारीमा करिब १ करोड बजेट बिनियोजन गरेको छु ।

घ) वडा कार्यालयको बिभिन्न योजना तथा कार्यक्रम संचालन गर्नको लागि प्रसस्त बजेटको ब्यवस्था गरेको छु । यसको लागि प्रति वडा १ करोड ५० लाख देखि १ करोड १० लाख सम्म बजेट सिलिङ निर्धारण गरेको छु ।

ङ) यसका अतिरिक्त अरु धेरै योजना तथा कार्यक्रमहरु संचालन गर्नका लागि संघ तथा प्रदेश सरकारबाट खर्च गर्ने गरी बजेट ब्यबस्था गरेको छु ।

च) उपयुक्त बमोजिम आ.ब.२०७८/०७९ को आय तथा व्ययलाई ब्यबस्थित गर्न बनेका आर्थिक बिधेयक,२०७८ तथा बिनियोजन विधेयक,२०७८ पनि छलफल गरि स्वीकृतिका लागि यस गरिमामय सभामा पेश गरेको छु ।

**आदरणीय  सभाअध्यक्ष एंव सभासद ज्युहरु**

अन्तमा आ.व.२०७८/०७९ को शान्तिनगर गाउपालिकाको वार्षिक बजेट तर्जुमा गर्ने सन्दर्भमा सहयोग पुर्यागनुहुने गाउपालिकाका अध्यक्ष ज्यु, बिभिन्न समितिका सदस्य ज्युहरु, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पुर्ण कर्मचारीहरु प्रति आभार ब्यक्त गर्दछु । बजेट निर्माणमा परोक्ष सहयोग पुर्याउनु हुने राजनैतिक दल,समाजसेवी,बुद्दीजिवी,संचारकर्मी,विभिन्न गैसस,सुरक्षा निकाय एंब आम शान्तिनगरवासी लगायत सबैमा हार्दिक धन्यावाद ज्ञापन गर्दछू । साथै बजेटको सफल कार्यान्वयनमा सबैको  सहयोगको अपेक्षा गरेको छु ।

धन्यावाद ।

मिथिला शाह
संयोजक(बजेट तथा योजना तर्जुमा समिति)
मिति:२०७८।०३।१०